Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# ४९औं बार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी तथा शेयर दाखिल खारेज बन्द रहने सूचना

## ४९औं बार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी

यस कम्पनीको मिति २०८० मंसिर १ गते तदनुसार १७ नोभेम्बर २०२३ शुक्रबार बसेको संचालक समितिको २४७औं बैठकबाट निर्णय भए बमोजिम कम्पनीको ४९औं वार्षिक साधारण सभा मिति २०८० साल पौष २६ गते तद्नुसार ११ जनवरी २०२४, विहिबार, बिहान १०.३० बजे नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रज्ञा सम प्रेक्षालय, कमलादी काठमाण्डौंमा भौतिक वा अभौतिक माध्यम अर्थात भर्चुवल भिडियो कन्फेरेन्स (Virtual Video Conference Medium) माध्यमबाट समेत बस्ने निर्णय भएको यसै सूचनाबाट जानकारी गराउदछौं ।

## शेयर दाखिल खारेज बन्द रहने सूचना

कम्पनीको ४९औं वार्षिक साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयर लगत दर्ता किताब मिति विहिबार २०८० पौष ५ गते देखि विहिबार २०८० पौष २६ गते (२१ दिसम्बर २०२३ देखि ११ जनवरी २०२४) सम्म अर्थात ४९औं साधारण सभा सम्पन्न नभएसम्म बन्द रहने व्यहोरा शेयरधनी महानुभाव तथा सम्वन्धित सवै सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

यस कम्पनीको ४९औं बार्षिक साधारण सभा सम्बन्धी छलफलका विषय सूची सहितको विस्तृत सूचना तथा कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि निर्धारित समयमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा समेत अनुरोध छ ।

कम्पनी सचिव

सोल्टी होटल लिमिटेड